# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) हेटौंडा, नेपाल, वैशाख ३१ गते, २०८३ साल (सङ्ख्या ०५

## भाग ३

### बागमती प्रदेश सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### प्रदेश कृषि थोक बजार सञ्चालन निर्देशिका, २०८३

**प्रस्तावनाः** बागमती प्रदेशभित्र उत्पादित कृषि उपजको सहज र समुचित बजार व्यवस्थापनद्वारा कृषक र उपभोक्ता दुवै पक्षलाई उचित लाभ प्रदान गरी

हालको कृषि प्रणालीलाई व्यावसायिक कृषिमा रूपान्तरणको लागि योगदान पुऱ्याउन तथा प्रदेश कृषि थोक बजारलाई व्यवस्थित ढंगले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश कृषि विकास ऐन, २०८२ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रदेश कृषि थोक बजार सञ्चालन निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले यस निर्देशिकाको दफा ३ को उपदफा (५) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "कृषि वस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित ताजा फलफूल, तरकारी, खाद्यान्न, दलहन, तेलहन, मसला बाली, मह, च्याउ, बिउ बिजन, उत्पादन सामग्री तथा प्याकेजिङ्ग गरिएको माछा, मासु सम्झनु पर्छ।

(घ) "कोष" भन्नाले दफा १२ बमोजिमको समितिको कोष सम्झनु पर्छ।

(ङ) "प्रदेश कृषि थोक बजार" भन्नाले हेटौंडा उपमहानगरपालिका, वडा नं ११ को थाना भन्याङ्गमा स्थापना भएको प्रदेश कृषि थोक बजारलाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "व्यवसायी" भन्नाले प्रदेश कृषि थोक बजारमा स्टल वा स्थान भाडामा लिई कृषि वस्तुको कारोबार गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश कृषि थोक बजार सञ्चालक समिति सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।

(ञ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ट) "सेवा शुल्क" भन्नाले कृषि थोक बजार स्थलमा उपलब्ध गराइने स्टल वा स्थानको भाडा बापतको रकम वा अन्य सेवा सुविधा शुल्क सम्झनु पर्छ।

## परिच्छेद- २

## प्रदेश कृषि थोक बजार सञ्चालक समितिको गठन, काम, कर्तव्य र अधिकार

३. **समितिको गठनः** (१) प्रदेश कृषि थोक बजार सञ्चालन तथा व्यवस्थापन गर्न देहायका अध्यक्ष तथा सदस्य रहने गरी प्रदेश कृषि थोक बजार सञ्चालक समिति रहनेछः-

(क) नगर प्रमुख, हेटौंडा उपमहानगरपालिका -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत, हेटौंडा उपमहानगरपालिका -सदस्य

(ग) वडा अध्यक्ष, हेटौंडा उपमहानगरपालिका, वडा नं. ११ -सदस्य

(घ) संयोजक, आर्थिक विकास समिति, हेटौंडा उपमहानगरपालिका -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला हेर्ने मन्त्रालय, बागमती प्रदेश -सदस्य

(च) अधिकृत प्रतिनिधि, मन्त्रालय -सदस्य

(छ) अधिकृत प्रतिनिधि, उद्योग तथा वाणिज्य हेर्ने मन्त्रालय, बागमती प्रदेश -सदस्य

(ज) दर्तावाला पशु चिकित्सक मध्येबाट मन्त्रालयबाट मनोनीत एक जना -सदस्य

(झ) बागमती प्रदेशभित्रका कृषकहरुमध्येबाट एक जना महिला सहित मन्त्रालयले मनोनीत गरेको दुई जना -सदस्य

(ञ) प्रदेश कृषि थोक बजारमा व्यवसाय गरी बसेका व्यवसायीमध्येबाट मन्त्रालयले मनोनीत गरेका दुई जना प्रतिनिधि -सदस्य

(ट) कार्यकारी निर्देशक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ज), (झ) र (ञ) बमोजिमका सदस्यमा मनोनीत हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) बागमती प्रदेशभित्र कृषि व्यवसाय गर्ने नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा गरेको,

(ग) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर नभएको वा दोषी ठहर भएकोमा सजाय भुक्तान गरेको मितिले तीन वर्ष अवधि पूरा भएको।

(३) उपदफा (१) को खण्ड (ज), (झ) र (ञ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्ति भए पश्चात् निजहरु अर्को एक कार्यकालको लागि पुनः मनोनीत हुन सक्नेछन्।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले समितिको हित विपरीत कार्य गरेमा वा आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक पालना नगरेमा वा आचरण विपरीत काम गरेमा निजलाई मन्त्रालयले जुनसुकै बखत हटाउन सक्नेछ।

तर निजलाई समितिको सदस्यबाट हटाउँदा सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

(५) मन्त्रालयले कृषि अर्थ विज्ञ वा कृषि विषयमा स्नातक गरी प्रदेश कृषि सेवाको कम्तीमा अधिकृतस्तर सातौं तहको कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा खटाउनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक मापदण्ड स्वीकृत गर्ने,

(ख) बजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी वार्षिक कार्यक्रम एवं कार्ययोजना स्वीकृत गर्ने,

(ग) बजार अनुगमन गरी गुणस्तर नियमन गर्ने,

(घ) बजार सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्ने,

(ङ) प्रदेश आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिई कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने,

(च) बजारमा सुविधा उपलब्ध गराए बापत लिनु पर्ने आवश्यक सेवा शुल्क तथा भाडा दर निर्धारण गर्ने र सम्बन्धित व्यक्ति वा निकायबाट त्यस्तो सेवा शुल्क तथा भाडा रकम असुल गर्ने,

(छ) बजार सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सोको समाधान गर्ने,

(ज) बजार स्थलको मर्मत सम्भार तथा संरक्षणको व्यवस्था मिलाउने,

(झ) बजार स्थलमा खानेपानी, शौचालय तथा फोहोर व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाउने,

(ञ) बजारसँग सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

(ट) बजारमा खरिद बिक्री हुने कृषि वस्तुको न्यूनतम थोक परिमाण निर्धारण गर्ने,

(ठ) बजार सञ्चालन सम्बन्धमा अन्य आवश्यक कार्यहरु गर्ने।

५. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको बैठक बस्ने मिति, समय र स्थान तय भएपछि सदस्य-सचिवले बैठकको कार्यसूची, बैठक बस्ने मिति, समय र स्थान समेत खुलाई बैठक बस्नु चौबीस घण्टा अगावै सोको सूचना सदस्यहरुलाई पठाउनु पर्नेछ।

(३) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरु मध्येबाट वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। तर बैठकमा आमन्त्रित सदस्यलाई मत दिने अधिकार हुनेछैन।

(५) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बजार सञ्चालन सम्बन्धी दैनिक प्रशासनिक तथा आर्थिक कार्य सञ्चालन गर्ने,

(ख) बजार व्यवस्थापन सम्बन्धी वार्षिक कार्यक्रम एवं कार्ययोजना तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेस गर्ने,

(ग) समितिको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने,

(घ) दैनिक कारोबार हुने प्रमुख कृषि वस्तुहरुको परिमाणको अभिलेख, दैनिक बजार मूल्य संकलन तथा प्रेषण गर्ने,

(ङ) अध्यक्षको परामर्शमा बैठकको प्रस्ताव, समय र स्थान निर्धारण गरी बैठक आह्वान गर्ने,

(च) वार्षिक प्रगति विवरण तयार गर्ने, समिक्षा गर्ने र समिति समक्ष पेस गर्ने,

(छ) बजार सञ्चालन सम्बन्धी सम्झौता विपरीत कुनै कार्य गरेको पाइएमा त्यस्तो कार्य हुन नदिन प्रचलित कानून बमोजिम प्रक्रिया अगाडि बढाउने,

(ज) प्रदेश कृषि थोक बजारमा कारोबार हुने कृषि वस्तुको मूल्यसूची डिजिटल डिस्प्ले बोर्डमा दैनिक रुपमा प्रकाशन गर्ने,

(झ) समितिले तोके बमोजिमका अन्य आवश्यक कार्यहरू गर्ने।

७. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिले दैनिक प्रशासनिक कार्य सञ्चालनको लागि आवश्यक कर्मचारीको दरबन्दी संरचना तयार गरी मन्त्रालयको सहमति लिई स्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृत दरबन्दीमा समितिले कर्मचारीको व्यवस्थापन प्रचलित कानून बमोजिम सेवा करारबाट गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कर्मचारी व्यवस्थापन नभएसम्मको लागि समितिको अनुरोधमा मन्त्रालय र हेटौंडा उपमहानगरपालिकाले आवश्यक कर्मचारी खटाउन सक्नेछन्। त्यसरी खटाइएका कर्मचारीको तलब भत्ता तथा अन्य सुविधा समितिले उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको कर्मचारीको पारिश्रमिक तथा अन्य सुविधा मन्त्रालयको स्वीकृतिमा समितिले तोके बमोजिम हुनेछ।

८. **समितिको कार्यालयः** समितिको कार्यालय प्रदेश कृषि थोक बजार स्थलभित्र रहेको प्रशासनिक भवनमा रहनेछ।

९. **अधिकार प्रत्यायोजनः** समितिले आवश्यकतानुसार नीतिगत विषय बाहेक कार्य सञ्चालनसँग सम्बन्धित केही अधिकार समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. **प्रतिवेदन पेस गर्नु पर्नेः** समितिले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र आफूले गरेको मुख्यमुख्य काम, कृषि वस्तुको खरिद बिक्री परिमाण र मूल्यको विवरण, वार्षिक आय-व्यय विवरण, बजार व्यवस्थापनका सम्बन्धमा उठेका समस्या र त्यस्तो समस्या समाधान गर्न भएको प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गर्नु पर्नेछ।

११. **<u>उपसमिति गठन गर्न सक्नेः</u>** समितिले आफ्नो कार्य सञ्चालनमा सहयोग पुऱ्याउन उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको काम, कर्तव्य र अधिकार उपसमिति गठन गर्दाको बखत समितिले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद - ३

## <u>कोष तथा आर्थिक प्रशासन</u>

१२. **<u>कोषः</u>** (१) समितिको कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) सेवा सुविधा उपलब्ध गराए बापात प्राप्त शुल्क वा रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा हेटौंडा उपमहानगरपालिकाबाट प्राप्त रकम,

(ग) विभिन्न व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त सहयोग,

(ङ) अन्य नियमित स्रोतबाट प्राप्त रकम,

(च) समितिको चल-अचल सम्पत्ति भाडामा दिए बापत प्राप्त हुने रकम,

(छ) समितिले उपलब्ध गराउने अन्य सेवा सुविधा बापत प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग लिनु अगावै समितिले बागमती प्रदेश सरकार मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम कोषमा रहने रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजत प्राप्त कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) कोषको रकम बजार पूर्वाधार विस्तार, कर्मचारीको पारिश्रमिक, समितिको बैठक भत्ता, खाजा खर्च जस्ता क्रियाकलापमा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही खर्च गर्न सकिनेछ।

**१३.** **आर्थिक प्रशासनः** (१) समितिको खाता सञ्चालन कार्यकारी निर्देशक र हेटौंडा उपमहानगरपालिकाले खटाएको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(२) स्वीकृत लेखामान बमोजिम समितिको आय व्ययको लेखा राख्नु पर्नेछ।

(३) आर्थिक कारोबारको लेखा परीक्षण दर्तावाला लेखा परीक्षकबाट आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गर्नु पर्नेछ।

(४) समितिले बजारको आयव्ययको विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ।

(५) मन्त्रालयले समितिको आयव्ययको लेखा र तत्सम्बन्धी कागजात जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ।

**१४. <u>आम्दानीको बाँडफाँटः</u>** समितिलाई प्राप्त हुने आम्दानीबाट वर्षभरीको खर्च कटाई हुने वास्तविक आम्दानीको बीस प्रतिशत रकम समितिको कोषमा जम्मा गरी बाँकी रकमलाई शतप्रतिशत मानि सो रकमको चालीस प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा र साठी प्रतिशत रकम हेटौंडा उपमहानगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

## परिच्छेद- ४

## <u>प्रदेश कृषि थोक बजार सञ्चालन प्रक्रिया</u>

**१५. <u>प्रदेश कृषि थोक बजार सञ्चालनः</u>** हेटौंडा उपमहानगरपालिका वडा नं. ११, थानाभऱ्याङस्थित प्रदेश कृषि थोक बजार परिसरमा बजार सञ्चालन गरिनेछ। समितिले आवश्यकताका आधारमा मन्त्रालयसँग समन्वय गरी अन्य क्षेत्रमा शाखा विस्तार गर्न सक्नेछ।

**१६. <u>बजार क्षेत्रको नियन्त्रण तथा संरक्षणः</u>** (१) बजार क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी समितिको हुनेछ।

(२) बजार क्षेत्रभित्र कृषि वस्तुको कारोबार, लिलाम बढाबढ, काँटा राख्ने, भण्डारण गर्ने र उतार्ने जस्ता अन्य

क्रियाकलाप गर्ने स्टल वा स्थान समितिले निर्धारण गरेबमोजिम हुनेछन्।

(३) बजार क्षेत्रभित्रको कारोबार स्टल वा स्थानको सञ्चालन र सो सम्बन्धमा आवश्यक अन्य व्यवस्था यस निर्देशिका बमोजिमको समितिले गर्नेछ।

**१७.** **<u>स्टल वा स्थान भाडामा लगाउनको लागि सूचना प्रकाशन गर्ने:</u>** (१) बजार क्षेत्रको खाली स्टल वा स्थान भाडा लगाउने प्रयोजनको लागि समितिले न्यूनतम भाडादर समेत तोकि कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ। समितिले सो सूचना मन्त्रालय तथा हेटौंडा उपमहानगरपालिकाको वेबसाइटमा समेत राख्ने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाभित्र कुनै स्टल वा स्थान भाडामा लिन दफा १८ बमोजिम कुनै आवेदन नपरेमा वा दफा २० को उपदफा (३) बमोजिमको सम्झौता अवधि समाप्त नहुँदै कुनै स्टल वा स्थान कुनै कारणबाट रिक्त हुन आएको र वैकल्पिक सूचीमा समेत कुनै बोलकबोल दाताको नाम नरहेको अवस्थामा समितिले न्यूनतम सात दिनको सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो स्टल वा स्थान भाडामा लगाउन सक्नेछ।

**१८.** **<u>आवेदन पेस गर्ने:</u>** देहायको योग्यता पुगेका व्यक्ति वा संस्थाले बजार क्षेत्रको खाली स्टल वा स्थान भाडामा लिई व्यवसाय सञ्चालन गर्न चाहेमा दफा १७ बमोजिम तोकिएको अवधिभित्र समितिले निर्धारित गरेको ढाँचामा देहायका कागजातसंलग्न गरी आवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) आवेदक फर्म, कम्पनी वा संस्था भए प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्र र अन्तिम आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) आवेदकले माग गरेको खाली स्टल वा स्थानको लागि निजले कबोल गरेको वार्षिक भाडा रकमको तीन प्रतिशतले हुन आउने रकम समितिको नाममा धरौटी राखेको भरपाई,

(घ) समितिले निर्धारण गरे बमोजिमका अन्य आवश्यक कागजातहरु।

**१९. आवेदन छनोटः** (१) दफा १८ बमोजिम रीतपूर्वक पर्न आएका आवेदनहरु कार्यकारी निर्देशकले समिति समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदकमध्येबाट अधिकतम रकम बोलकबोल गर्ने व्यक्ति वा संस्थाको प्राथमिकताक्रम निर्धारण गरी सबैभन्दा बढी कबोल गर्ने आवेदकलाई छनोट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राथमिकताको आधारमा छनोट हुन नसकेका आवेदकलाई बोलकबोल रकमको आधारमा समितिले वैकल्पिक प्राथमिकताक्रमको सूची प्रकाशन गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम आवेदक छनोट गर्दा कुनै एक फर्म, कम्पनी वा संस्थालाई एक स्टल वा स्थान भन्दा बढी उपलब्ध गराउने गरी छनोट गर्न सकिनेछैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १८ बमोजिम कुनै स्टल वा स्थानको लागि आवेदन पर्न नआएमा त्यस्तो स्टल वा स्थान समितिले निर्धारण गरेको न्यूनतम रकम भन्दा कमी नहुने गरी अर्को स्टल वा स्थान लिने व्यक्ति वा संस्थालाई भाडामा लगाउन सकिनेछ।

२०. **<u>सम्झौता सम्बन्धी व्यवस्थाः</u>** (१) दफा १९ को उपदफा (२) बमोजिम छनोट भएको आवेदकलाई पन्ध्र दिनभित्र सम्झौता गर्न आउनु भनी सञ्चारको छिटोमाध्यमबाट सूचना दिनु पर्नेछ र सो सूचना समितिको कार्यालयको सूचना पाटीमा समेत टाँस्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र छनोट भएको आवेदकले कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी समक्ष उपस्थित भई अनुसूची बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ। सो म्यादभित्र सम्झौता गर्न नआएमा समितिले दफा १९ को उपदफा (३) बमोजिमको वैकल्पिक सूचीमा रहेका आवेदकमध्येबाट प्राथमिकताको आधारमा सम्झौता गर्न सक्नेछ।

(३) सम्झौताको अवधि बढीमा पाँच आर्थिक वर्षको लागि हुनेछ।

तर सम्झौताको अवधि समाप्त भएपछि अर्को व्यक्ति वा सस्थासँग नयाँ सम्झौता नभएसम्मको लागि समितिले बढीमा एक वर्षको लागि अवधि थप गर्न सक्नेछ।

(४) व्यवसायीले सम्झौता गर्नु अघि कबोल गरेको मासिक भाडा रकमको तीन महिनाको लागि हुन आउने रकम सुरक्षणबापत र दफा १८ को खण्ड (ग) बमोजिम आवेदन दिँदा राखिएको तीन प्रतिशत रकममा तीन प्रतिशत थप गरी जम्मा छ प्रतिशत रकम जमानतबापत समितिको खातामा जम्मा गर्नु पर्नेछ।

(५) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्टल वा स्थान भाडामा लिने व्यक्तिको मृत्यु भएमा प्रचलित कानून बमोजिमको मृतकको हकवालाले चाहेमा बाँकी अवधिको लागि स्टल वा स्थान भाडामा उपलब्ध गराउनु पर्नेछ।

२१. **<u>सम्झौता रद्द हुनेः</u>** (१) देहायको अवस्थामा समितिले सम्झौता रद्द गर्न सक्नेछः-

(क) स्टल वा स्थान भाडामा लिने व्यक्ति वा संस्थाले सम्झौता अनुसार पाएको आफ्नो स्टल वा स्थानमा स्वयंले कारोबार नगरी अन्य कुनै व्यक्ति वा संस्थालाई बिक्री गर्ने, भाडामा दिने वा अन्य तवरले हस्तान्तरण गर्ने काम गरेको पाइएमा,

(ख) स्टल वा स्थान भाडामा लिने व्यक्ति वा संस्थाले सम्झौता बमोजिमको शर्तहरु पालना नगरेमा वा नियमित कारोबार नगरेमा,

(ग) समितिलाई तिर्नुपर्ने शुल्क वा कुनै पनि प्रकारको बाँकी बक्यौता म्यादभित्र नबुझाएमा,

(घ) कर्तव्य पालनमा खटिएका समितिका कर्मचारीलाई अभद्र व्यवहार वा हातपात गरेमा, बजार सञ्चालनमा अवरोध खडा गरेमा वा समितिको नगद वा जिन्सी हानी नोक्सानी गरेमा,

(ङ) संघ, प्रदेश र स्थानीय तहको सरकारको स्वामित्व भएको कुनै संस्थालाई तिर्नु वा बुझाउनु पर्ने रकम बाँकी भएको पाइएमा,

(च) निर्धारित गुणस्तर नभएको वस्तुको कारोबार गरेमा,

(छ) सम्झौतामा भए बमोजिम बाहेक अन्य वस्तुको कारोबार गरेको पाइएमा।

(२) उपदफा (१) बमोजिम समितिले सम्झौता रद्द गर्ने निर्णय गर्नु अगावै त्यस्तो व्यक्ति वा संस्थालाई आफ्नो सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अवस्था परी समितिले सम्झौता रद्द गर्नु परेमा सम्झौता गर्दाको समयमा राखिएको जमानतबापतको रकम र सुरक्षणबापतको तीन महिनाको भाडा रकम समेत जफत गर्नेछ।

(४) कुनै व्यवसायीले सम्झौता अवधि पूरा नहुँदै स्टल वा स्थान छोड्न चाहेमा एक महिना अगावै सो सम्झौता अनुरुपको कारोबार गर्न नसक्ने कारण सहित समिति समक्ष लिखित जानकारी दिई छाड्न सक्नेछ। त्यसरी छाड्न चाहने व्यवसायीबाट राखिएको जमानत र समितिलाई बुझाउनु पर्ने अन्य कुनै रकम भए सो समेत कट्टा गरी बाँकी रकम सम्बन्धित व्यवसायीलाई फिर्ता गरी निजसँगको सम्झौता रद्द गरिनेछ।

## परिच्छेद- ५

## विविध

२२. **खरिद बिक्री प्रक्रियाः** स्टल वा स्थान भाडा लिने व्यक्ति वा संस्थाले समितिले निर्धारण गरे बमोजिमको समय र प्रक्रिया अनुसार कृषि वस्तुको खरिद बिक्री गर्नु पर्नेछ।

२३. **बजार क्षेत्र सञ्चालन प्रक्रियाः** बजार क्षेत्रभित्रको चमेनागृह सञ्चालन, थोक तथा होलसेल स्टल, पार्किङ्ग तथा कोल्ड स्टोर सञ्चालन, कृषि उपजको नापतौल स्थान, उपज होल्ड क्षेत्र, ढुवानी साधन आवतजावत, ओसार पसार लगायतका सम्पूर्ण कार्यहरुका लागि समितिले क्षेत्र वर्गीकरण गर्न आवश्यक मापदण्ड बनाई सञ्चालन गर्न सक्नेछ।

२४. **गुणस्तर निर्धारणः** (१) बजार क्षेत्रभित्र गुणस्तरयुक्त कृषि वस्तुको मात्र बिक्री वितरण गर्न पाइने छ।

(२) ताजा तरकारी तथा फलफूलको द्रुत विश्लेषण प्रक्रियामार्फत विषादी अवशेष परीक्षणका लागि प्रयोगशाला स्थापना गरी सञ्चालन गर्नु पर्नेछ।

(३) मन्त्रालयले सम्बद्ध निकायहरूसँगको समन्वयमा बजार क्षेत्रभित्र बिक्री वितरण हुने कृषि वस्तुको नियमित रुपमा अनुगमन गर्न गराउन सक्नेछ।

(४) उपदफा (१) विपरीत हुने गरी कारोबार गरेमा सम्झौता खारेज गरी प्रचलित कानून बमोजिम कारबाहीको लागि समितिले सम्बन्धित निकायमा सिफारिस समेत गर्न सक्नेछ।

२५. **विवादको समाधानः** समितिले बजार क्षेत्रभित्र खरिद बिक्री वा कारोबारका क्रममा उठेका विवाद समाधान गर्न आवश्यक समन्वय गर्नेछ।

२६. **भाडा दर र असुली व्यवस्थाः** (१) समितिले बोलकबोलको लागि न्यूनतम भाडादर कायम गर्दा स्टल वा स्थानको पायकता, सुगमता, तला आदि पक्षलाई सम्बोधन हुने गरी स्टलहरुको क्लस्टरिङ्ग गरी क्लस्टर अनुसार छुट्टाछुट्टै भाडादर कायम गर्न सक्नेछ।

(२) समितिले व्यवसायीलाई यस निर्देशिका बमोजिम भाडामा स्टल वा स्थान उपलब्ध गराउँदा सो सम्बन्धी सम्झौता भएको मितिले तीन वर्षसम्म भाडा वृद्धि गर्ने छैन। चौथो वर्ष थप दश प्रतिशत भाडा वृद्धि गरी पाँचौं वर्षमा समेत सोही भाडा कायम हुनेछ।

(३) उपदफा (१) बमोजिमको भाडा दरलाई प्रत्येक पाँचपाँच वर्षमा पुनरावलोकन गरिनेछ।

(४) व्यवसायीले समितिलाई तिर्नु पर्ने भाडा वा अन्य कुनै पनि शुल्क सोही महिनाको पच्चीस गतेभित्र बुझाउनु पर्नेछ। सो अवधिभित्र नबुझाएमा नब्बे दिनसम्म दैनिक शून्य दशमलव पाँच प्रतिशतका दरले बिलम्ब शुल्क लाग्नेछ। उक्त अवधिभित्र पनि भाडा रकम नबुझाएमा निजको धरौटी रकमबाट कट्टा गरी निजसँगको सम्झौता रद्द गर्न सकिनेछ।

२७. **<u>अन्य शुल्कः</u>** व्यवसायीले स्टल वा स्थानको भाडा रकमको अतिरिक्त समितिले उपलब्ध गराएको गुणस्तर परीक्षण, पानी, बत्ती तथा फोहोर व्यवस्थापन लगायतका सेवा बापत अन्य शुल्क समेत बुझाउनु पर्नेछ।

२८. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस निर्देशिकामा लेखिए बाहेकका अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

२९. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस निर्देशिकाको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा निर्देशिकाको प्रतिकूल नहुने गरी समितिको सिफारिसमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन निर्णय गर्न सक्नेछ।

# अनुसूची

(दफा २० को उपदफा (२) सँग सम्बन्धित)

## प्रदेश कृषि थोक बजार सञ्चालक समिति र बजार क्षेत्रमा कारोबार गर्ने व्यक्तिबीच हुने सम्झौताको ढाँचा

**१. सम्झौताका उद्देश्यहरू**

कृषि उपजको थोक व्यापार सहज, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले बजारभित्र आवश्यक सुविधा सहितको सटर उपलब्ध गराई व्यापारिक गतिविधि सञ्चालनका लागि समुचित वातावरण तयार गर्नु यो सम्झौताका मुख्य उद्देश्यहरू हुन्। यसका माध्यमबाट कृषि उपजको व्यापार पारदर्शी, सुरक्षित, स्वच्छ र नियम अनुकूल ढंगबाट सञ्चालन हुने अपेक्षा गरिएको छ, जसले बजारभित्र व्यावसायिक अनुशासन, मापन-तौलको शुद्धता तथा व्यावसायिक आचारसंहिताको पालनालाई मजबुत बनाउँछ। साथै, मूल्य श्रृंखलाका सबै तह (किसान, व्यापारी, ढुवानीकर्ता तथा उपभोक्तासम्म) बीचको कारोबारलाई व्यवस्थित, भरपर्दो र प्रभावकारी बनाई समग्र कृषि व्यवसायलाई प्रतिस्पर्धात्मक बनाउने तथा कृषि उत्पादनको मूल्य स्थिरीकरण, बजार पहुँच विस्तार र उपभोक्ता हित संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले प्रदेश कृषि थोक बजार सञ्चालक समिति (यस पछि प्रथम पक्ष भनिएको) र बजार क्षेत्रमा कारोबार गर्ने व्यक्ति वा संस्था (यस पछि दोश्रो पक्ष भनिएको) बीच निम्न शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरी एकएक प्रति बुझिलियौं/दियौं।

**२. सटर विवरण**

(क) सटर नं.: ....................

(ख) आकार (Area): .................

(ग) स्थानः ........................

(घ) उपलब्ध सुविधाः बिजुली, पानी, सरसफाई, ढुवानी स्थान, स्टोर, कम्पाउन्ड आदि।

**३. सम्झौता अवधि**

(क) प्रारम्भ मितिः................

(ख) समाप्ति मितिः...............

(ग) अवधिः ...........वर्ष

**४. भाडा तथा शुल्क**

(क) मासिक भाडा रकमः रू. .....................

(ख) धरौटी रकम (Security Deposit): रू. ....................

(ग) सेवा शुल्क (सरसफाई, व्यवस्थापन, फोहोर व्यवस्थापन आदि): रू. ..........

(घ) बिजुली/पानी/अन्य सेवा शुल्कः वास्तविक प्रयोग अनुसार।

(ङ) भुक्तानी समयसीमाः प्रत्येक महिनाको पच्चीस गतेभित्र।

**५. बजार क्षेत्रमा कारोबार गर्ने व्यक्ति वा संस्था (दोस्रो पक्ष) का कर्तव्य/जिम्मेवारी**

(क) सटरमा कृषि उपजको मात्र थोक व्यापार गर्ने,

(ख) तोकिएको भाडा रकम तथा क्रम संख्या ४ बमोजिमका अन्य शुल्क समयमै बुझाउने,

(ग) स्वच्छता, फोहोर व्यवस्थापन, सफाइ सुनिश्चित गर्ने,

(घ) बजारभित्रको बाटो, ढुवानी क्षेत्र, पार्किङ क्षेत्रमा अवरोध नराख्ने,

(ङ) मापदण्ड अनुरूप तौल-काँटा प्रयोग गर्ने,

(च) प्रदेश कृषि थोक बजार सञ्चालक समितिले तोकेको व्यापार गर्ने समय पालना गर्ने,

(छ) सरकारी निकाय तथा प्रदेश कृषि थोक बजार सञ्चालक समितिले निर्धारण गरेका मूल्य, मापदण्ड र नियम पालना गर्ने,

(ज) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै अवैध कार्य, कालोबजारी, एकाधिकार, अस्वच्छ व्यापार नगर्ने,

(झ) सुरक्षा तथा दुर्घटनाबाट हुने जोखिममा स्वयं जिम्मेवार हुने र

(ञ) सटर अरूलाई भाडामा दिने वा हस्तान्तरण गर्न पाइने छैन।

**६. सटर प्रयोगका नियमहरू**

(क) सटरको भित्री तथा बाहिरी भागमा अनधिकृत निर्माण वा परिवर्तन गर्न नपाइने,

(ख) सटरमा ज्वलनशील वस्तु, हानिकारक रसायन, अवैध सामग्री राख्न नपाइने,

(ग) आगलागी रोकथामका उपकरण (Fire Safety) आवश्यक भए प्रथम पक्षद्वारा उपलब्ध गराउने, तर प्रयोग र रेखदेख दोश्रो पक्षले गर्नुपर्ने,

(घ) बजारको स्वच्छता र स्वास्थ्य मापदण्ड पालना अनिवार्य गर्नुपर्ने र

(ङ) विवादमा प्रदेश कृषि थोक बजार सञ्चालक समितिको निर्णय अन्तिम मानिने।

**७. सम्झौता रद्द हुने अवस्थाः** दफा २१ मा उल्लिखित अवस्थाको अतिरिक्त देहायको अवस्थामा समितिले सम्झौता रद्द गर्न सक्नेछः-

(क) भाडा रकम तीन महिना लगातार नबुझाएमा,

(ख) नियम उल्लङ्घन, झैझगडा, स्वच्छता अवहेलना गरेमा,

(ग) सटर व्यावसायिक उद्देश्यबाहेक प्रयोग गरेमा,

(घ) बारम्बार चेतावनीपछि सुधार नआएमा र

(ङ) सम्झौता भंग भएमा धरौटी रकम फिर्ता हुनेछैन।

**८. कानूनी व्यवस्था**

(क) यस सम्झौतामा कुनै विवाद उत्पन्न भएमा प्रदेश कृषि थोक बजार सञ्चालक समितिको निर्णय अन्तिम हुनेछ,

(ख) यस सम्झौतामा लेखिएको बाहेक अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

| **पहिलो पक्षः** | **दोस्रो पक्षः** |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |

**साक्षीहरूः**

१. नाम थरः (हस्ताक्षर)

२. नाम थरः (हस्ताक्षर)

**द्रष्टव्यः** आवश्यकता बमोजिम यस नमूना सम्झौताको ढाँचालाई परिमार्जन गर्न सकिनेछ।

**आज्ञाले,**
**सुधिर श्रेष्ठ**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-